# नेपाल कृषि सेवा विकास कार्यक्रम (प्रयास) हेल्भेटास

# बार्षिक प्रगती प्रतिवेदन


प्रस्तुतकर्ता

महेश कुमार विष्ट

(प्रा.स.)

कृषि शाखा

नलगाड नगरपालिका

दल्ली - ७, जाजरकोट

# नेपाल कृषि सेवा विकास कार्यक्रम (प्रयास) हेल्भेटास

## बार्षिक प्रगती प्रतिवेदन

गाउँ नगरपालिकाको प्रतिवेदन तयार पार्नको लागि (बार्षिक तथा अर्धबार्षिक) आवश्यक खाकाः

१. बार्षिक कार्यक्रमको रणनीति, बार्षिक योजना, प्राथमिकता, मुख्य उपलब्धी, चुनौति र अवसरहरुको सारांस -

२५ वटा व्यवशायीक तरकारी खेती तालीम तथा समूहका सवै सदस्यहरुलाई वीउ विजन वितरण गरी हाल तरकारी उत्पादन हुन लागेको, ६ वटा च्याउ खेती तालीम संचालन तथा विउ उपलब्ध गराईएको र त्यस बाट रु १०००० दश हजार सम्म आम्दानी गरेको, २० जना एकल महिलाहरुले बाखाको खोर सुधार गरेको व्यवशायीक तरकारी खेती गर्न तरकारीका वीउ विजनहरु प्लाष्टिक घरका लागि सिलपोलिन सिंचाईका लागि थोपा सिंचाई ९० सेट, १ दिने तरकारी खेती तालीम सम्पन्न गरेको ।

अवसरहरु

- वातावरणीय तथा भौगोलिक रुपले फाईदाजनक
- प्राकृतिक विविधता तथा सम्पदामा धनि
- हालसम्म अधिक मात्रामा रासायनिक मल तथा विषादीको प्रयोग भै नसकेको अवस्था
- वाह्य कृषि सामाग्रीहरुको (विषादी तथा रासायनिक मल) प्रतिस्थापन हुन सक्ने
- उत्पादनमा वृद्धी हुन सक्ने
- वजारमा वढी मूल्य प्राप्त
- स्थानीय स्रोतको सदुपयोग
- कम उत्पादन लागत
- माटोको उर्वराशक्ति संरक्षण
- बालीको उत्पादकत्व राष्ट्रिय उत्पादकत्व भन्दा बढि
- यस पालिका तहमा राष्ट्रिय महत्वका आयोजना निर्माणाधिन हुनु
- आयात प्रतिस्थापन गरी निर्यात प्रबर्द्धन गर्न सकिने

२. तल तालिकामा उल्लेखित कार्यक्रमहरुको संक्षिप्त जानकारीको शारांस

| | |
|---|---|
| राज्य वा प्रदेश | कर्णाली |
| जिल्ला | जाजरकोट |
| पालिकाको नाम | नलगाड नगरपालिका |
| जम्मा बार्षिक बजेट | १८९८८९४० |
| मुख्य साझेदार संस्था र सहयोग | पालिका - ११४८८९४०। नेरु ७५०००००। प्रयास नेरु  र अन्य ........ नेरु ........... |

| | |
|---|---|
| यस अवधिमा खर्च भएको जम्मा रकम | ६८५७००० |
| जम्मा कृषक समूहको संख्या | ६० |
| जम्मा जलउपभोक्ता संस्थाको संख्या | ११ |
| लाभाविन्त बर्गको बिबरण | जम्मा कृषक संख्या ( २०८३, महिला - ९३५., पुरुष (५७०., दलित ( ३२८, जनजाति (.१२८., बाक्षेठदने ( १०४४., महिला घरमुली ( , बिपन्न बर्ग ( १६२७ |
| निजी फार्म/ उद्यमी/विकास गरिएको पकेट क्षेत्र/गरिएको सहयोग संबन्धि बिबरण | यस पालिकाका सवै वडाहरुलाई विभिन्न भौगोलिक क्षेत्र, हावापानी, वातावरण र सम्भाव्यताका आधारमा विभिन्न बालीहरुको पकेट विकास गरिएको छ। जस अन्तर्गत वडा नं. १, २ मौरी पकेट भैसी पालन, वडा नं.३ सुन्तला जात फलफुल र अलैची खेती, वडा नं ४ तरकारी तथा केरा र मौरी, वडा नं. ५ मकै वीउ तथा तरकारी र पतझर फलफुल किवी ओखर, वडा नं. ६ आलु ओखर, वडा नं ७ र ८ धान तथा तरकारी आँप लिचि, वडा नं ९, १०, ११ लसुन खेती तथा बाखा पालन, वडानं १२ तरकारी कुखुरा पालन र वडा नं १३ स्याउ खेती रहेको छ। |
| विकास गरिएका स्थानीय कृषि स्रोत व्यक्तिको संख्या र उनीहरुको परिचालनको अवस्था | १८ जना अगुवा कृषकहरुलाई तालीम दिई सकेको। |
| साझेदारिता कायम गरिएका स्थानीय सेवा प्रदायक संस्थाहरुको संख्या | |
| कार्यान्वयन गरिएका मुख्य मुख्य क्षेत्रहरु जस्तैः फलफुल, पशुपालन आदि | तरकारी वीउ, तालीम, विभिन्न बालीको वीउ विजन, कृषि सामाग्री, पशुपालन, भकारो सुधार बाखा तथा कुखुराको खोर सुधार विभिन्न बर्षे फलफुलका विरुवा आँप अनार तथा केरा |
| पालिकाको सम्पर्क व्यक्तिको नामः<br>सम्पर्क नं.<br>इमेलः | तिलम राम वली<br>९८४७८२३६९६ |

३. परिचय - यो नलगाड नगरपालिका जाजरकोट जिल्ला कर्णाली प्रदेशको पिछडिएको जिल्ला अन्तर्गत ७ वटा स्थानीय तहहरु मध्ये एक हो। यो नगरपालिका समुन्द्रि सतह देखि १०२० मिटर देखि २९०० मिटर ( प्यारी लेक) ३८०० मिटर नहकुली सम्मको उचाई रहेको छ। यस नगरपालिकामा आँप लिचि देखि ओखर स्याउ सम्म खेती गरिएको पाईन्छ।

सन्दर्भ, यस नगरपालिकाले अवलम्बन गरेको कृषि रणनीति अनुसार आगामी ५ वर्ष सम्ममा कृषिमा केहि बाली विउहरुमा आत्मनिर्भर हुने लक्ष्य अनुसार विभिन्न साझेदारहरु संग सहकार्य गर्ने साझेदारहरुको श्रोत परिचालन गर्ने र त्यो श्रोतको एक द्धार प्रर्णालीमा समाहित गर्ने जस अनुसार नेपाल कृषि सेवा विकास कार्यक्रमको कृयाकलापहरु यसै नगरपालिकामा जोडेर अघि बढि राखेको छ।

कार्यक्रम कार्यन्वयन गर्दा अवलम्वन गरिएका मुख्य मुख्य प्रक्रियाको बिषयमा संक्षिप्त बर्णन,

- साविकको त्रिवेणि नलगाड नगरपालिका हाल नलगाड नगरपालिकाको नगर कार्यपालिकाको बैठकले पारित गरेको नेपाल कृषि सेवा विकास कार्यक्रम -प्रयास हेल्भेटासको बजेट बाट हामीले के कसरी कार्यक्रम तथा कृयाकलापहरु संचालन गर्ने भन्ने बारेमा उक्त बैठकमा छलफल भएको
- नगर कार्यपालिकाका सदस्यहरु वडा अध्यक्ष ज्यू हरु कृषि तथा पशु सेवाका प्राविधिकहरुको सहभागीतामा विभिन्न बडाहरुको आवश्यकता तथा मागहरु संकलन गरी कार्यक्रम निर्माण गरिएको ।
- प्रत्येक वडामा कृषि तर्फ कम्तीमा ३ वटा तथा पशु सेवा तर्फ १ वटा गरी ४ वटा कृषक समूहको छनौट गरिएको
- छनौट गरीएका कृषक समूहहरुले ३ देखि ४ वटा विषयमा माग फाराम भरी यस कार्यालयमा पेश गरेको
- माग तथा कृषकहरुको विष्तृत विवरण फाराम भरीएको
- मागका आधारमा वीउ, तालीम तथा विभिन्न कृषि सामाग्रीहरु वितरण गरीएको

कार्यन्वयनमा संलग्न मुख्य मुख्य व्यक्ति वा निकायहरु –

- नगरपालीका
- नगरपालिका नगर प्रमुख / उप प्रमुख
- नगर कार्यपालिका
- वडा अध्यक्षहरु
- कार्यपालिका सदस्यहरु
- वडा सदस्यहरु
- कृषि शाखामा कार्यरत कर्मचारीहरु
- यस कार्यक्रम अन्तर्गत कार्यरत कृषि तथा पशु सेवाका कर्मचारीहरु
- कृषक समूह सहकारीहरु
- एग्रोभेटहरु

४. मुख्य मुख्य उपलब्धीहरुः लाभान्वित बर्ग, तथ्य तथ्याङ्कहरु र फोटो सहितको उपलब्धी र प्रभावहरुको संक्षिप्त जानकारी -२-३ पेज

यस कार्यक्रममा लाभान्वित बर्ग विशेष गरी दलित जनजाती र अन्य जातीका गरीव न्यन आय भएका व्यक्तिहरु रहेका छन ।

जस अनुसार दलित  जना जनजाती  जना र अन्य जना कृषक घरधुरीहरु लाभान्वित भएका छन । यस नगरपालिकाले नेपाल कृषि सेवा विकास कार्यक्रम प्रयास बाट यस अवधि सम्म विभिन्न विषयमा ३७ वटा क्षमता विकास तालीम, विभिन्न तरकारी बालीका वीउको पोको कम्पोजिट प्याकेट - (काक्रो, जुकिनी, भिन्डी, तितेकरेला, लौका, सिमी, बोडि) ६२५ वटा ४०० वटा स्प्रींकलर, १०० सेट थोपा

सिंचाई, १३८ वटा सिलपोलिन प्लाष्टिक, ६३० प्याकेट च्याउको वीउ, २५ केजी च्याउ उमार्ने प्लाष्टिक थैला २३२ वटा हजारी, ३९८० केजी धान तथा मकैको वीउ, १० किलो प्याजको वीउ, २ वटा पशु स्वास्थ्य शिविर संचालन, बाखाको खोर सुधार ५१ वटा, कुखुरा पालनको लागि खोर सुधार २१ जना, ९५ वटा भकारो सुधार गरी पशु बस्तुहरुलाई व्यवस्थीत गर्न सकिएको ।

बैदेशिक रोजगार बाट फर्केका ५ जना युवा कृषकको छनौट गरि उनिहरुलाई प्रति व्यक्ति रु ५०,०००। पचास हजार नगद प्रदान गरि उनिहरुले बाखा पालन शुरु गरेको ।

नगरपालिकामा वडा अध्यक्षहरु संगको अभिमुखिकरण गोष्ठि



बेच्नका लागि राखिएको च्याउ





कोठामा हुर्कदै गरेको कन्ने च्याउ नलगाड नगरपालिका ७ शारदा सिंह



नगरपालिका कृषि शाखा बाट पदान गरीएको बेमौसमी काक्रो वीउको नर्सरी



बाखा खोर सुधार वडा नं ३

५. तालिकामा (टेवलमा) उपलब्धीहरुको संक्षिप्त सारांश -

बार्षिक अवधी सम्म जम्मा १०४ वटा कृषक समूहहरु दर्ता

| क्र.सं. | क्रियाकलापहरु | संख्या | उपलब्धि |
|---|---|---|---|
| १ | समूह गठन, नविकरण तथा सूचिकृत | ९० वटा | समूहहरुले मासिक हितकोष संकलन देखि विभिन्न बाली तथा उपजहरुको उत्पादन शुरु गरेको |
| २ | मौसमी तथा बेमौसमी तरकारी खेती तालीम संचालन | २५ वटा | यस नगरपालिकाका १३ वटै वडामा मौसमी तथा बेमौसमी तरकारी खेती विषयक तालीम संचालन गरी करिव ६०१ जना कृषकहरुको क्षमता अभिबृद्धि हुनाको साथै तरकारी उत्पादन सिप हस्तान्त्रण भएको |
| ३ | च्याउ खेती तालिम | ६ वटा | नगरपालिकाका विभिन्न वडाहरुका विभिन्न ६ वटा कृषक समूहहरुलाई एक दिने च्याउखेती तालीम प्रदान गरीएको जसमा ७० जना महिला तथा ७७ जना पुरुष कृषकहरुको |

| | | | |
|---|---|---|---|
| | | | सहभागीता भएको साथै ११ जना दलित तथा ६ जना जनजातीहरुको क्षमता अभिबृद्धि भएको । र च्याउ उत्पादन तथा उपभोग गरी शरीरलाई पोषण प्राप्त भएको । |
| ४ | वीउ वितरण -कम्पोजिट प्याकेट) | ६२५ सेट | नगरपालिकाका १३ वटै वडामा प्रति समूह २५ सेटका दरले २५ वटा समूहमा तरकारी कम्पोजीट प्याकेट वितरण गरी उक्त तरकारी बाली/उपज बजारमा विक्रि वितरण भईरहेको जस्तै सिमि, काक्रा आदि |
| ५ | थोपा सिंचाई तथा स्प्रीकलर वितरण | ४४० वटा | नगरपालिकाका १३ वटै वडामा स्पिगंकलर प्रति समूह ६ का दरले तथा थोपा सिंचाई सेट २ का दरले वितरण गरी नयाँ प्रविधिको विस्तार भएको |
| ६ | लैगिक समानता तथा सामाजिक समावेशिकरण मानव अधिकारमुखि अवधारण सम्बन्धि तालीम संचालन | ५ वटा | यस नगरपालिकाका वडा नं ९ देखि १३ सम्मका ५ वटा कृषक समूहहरुमा लैगिक समानता तथा सामाजिक समावेशिकरण मानव अधिकारमुखि अवधारण सम्बन्धि तालीम सम्पन्न गरी जसमा ५वटा कृषक समूहका करिव १५० जना कृषक लाभीन्वत भएका छन । |
| ७ | स्थानीय श्रोत व्यक्ति तालीम संचालन | १ वटा | यस नगरपालिकाका सवै वडाका १९ जना कृषकहरु लाई ६ दिने स्थानीय श्रोत व्यक्ति तालीम संचालन गरी उनिहरुको क्षमता अभिबृद्धि गरीएको जसमा ४ महिला तथा १५ जना पुरुष कृषकहरुको सहभागीता रहेको । |
| ८ | उद्यमी कृषकहरु छनौट तथा सहयोग | ५ जना | बैदेशिक रोजगारीबाट फर्किएका युवा तथा युवती वा उद्यमीहरुलाई कृषि उद्यमशिलता विकासका लागि जनही रु ५०००० पचास हजार नगद प्रदान गरीएको । जस अनुसार ति कृषकहरुले ५ देखि ७ वटा बाख्रा खरिद गरी उद्यम शुरु गरेको । |
| ९ | प्रदर्शन कार्यक्रम | ६० जना | यस नगरपालिकाका ६० जना कृषकहरुलाई कृषि प्रविधि प्रदर्शन वितरण गरीएको छ । जसमा ३७ जना महिला र २३ जना पूरुष कृषक सहभागी भएका छन भने १८ जना दलित, ६ जना जनजाती तथा ३६ जना अन्य जातीका कृषकहरुले प्रविधिको पोको प्राप्त गरेका छन । उक्त पोकोमा प्लाष्टिक घरको लागि सिलपोलिन, हजारी, स्पेयर, तरकारी वीउ प्राप्त गरेका छन । |
| १० | कर्न सेलर वितरण | १४ वटा | यस नलगाड नगरपालिका कृषि शाखाको समन्वयमा यसै नगरपालिका वडा नं. ४ मा मकै छोडाउने विद्युतिय कर्न |

| | | | |
|---|---|---|---|
| | | | सेलर १० वटा सानो तथा ४ वटा ठुलो ल्याई वितरण गरीयो । |
| ११ | वीउ विजन वितरण | ७५ सेट | यस नगरपालिकाको वडा नं. १, ६ र १३ नं. मा संचालित बहु क्षेत्रीय पोषण योजना कार्यक्रममा १००० दिनका महिला तथा बालबालीकाहरुले ताजा तरकारी उत्पादन गरी पोषण सुरक्षा हुने |
| १२ | आँप खेती विस्तार | ३५५० विरुवा | यस पालिकाको विभिन्न ३ वटा वडाको आँप खेतीका लागि विनियोजित बजेट बाट रौतहटको दिलिप नर्सरीबाट ३५५० विरुवा अम्रपालि आँपको विरुवा ल्याई कृषकहरुलाई वितरण भई क्षेत्र विस्तार भएको । |
| १३ | कृषक पुरस्कृत | १३ जना | यस नगरपालिकाका १ देखि १३ वटा वडाका १३ जना व्यवशायीक तथा व्यवशाय उन्मुख कृषक छनौट गरी प्रति कृषक नगद रु ४००० चार हजार प्रदान गरीयो जसले २ जना दलित २ जना जनजाती तथा अन्य ९ जना व्यवशायीक तथा व्यवशाय उन्मुख कृषकहरुलाई व्यवशायीक बन्नमा प्ररित गर्ने । |
| १४ | बर्षे फलफुलका विरुवा वितरण | आँप ४०००<br>अनार १८००<br>केरा १८००<br>जम्मा ७६०० | यस नगरपालिकाका विभिन्न वडाहरुमा विभिन्न बर्षे फलफुलहरु आँप ४००० विरुवा अनार १८०० विरुवा केरा १८०० विरुवा ७५ प्रतिशत परल मूल्य अनुदानमा वितरण गरि बर्षे फलफुलको क्षेत्र विस्तार भएको । |
| १ | बाखाको खोर सुधार | ५१ वटा | यस पालिकाका विभिन्न वडाका कृषकहरुलाई सहुलियतका लागि ५१ वटा बाखाको खोर निर्माण गरी बाखा पालनलाई व्यवशायीक बनाउन खोजिएको हो । |
| २ | बाखा पालन तालीम संचालन | ५ वटा | यस नगरपालिकाका ५ वटा कृषक समूहहरुलाई उक्त तालीममा ११५ जना कृषकहरुको क्षमता अभिबृद्धि भएको । |
| ३ | पशु स्वास्थ्य शिविर संचालन | २ वटा | यस नगरपालिकाका २ वटा स्थानमा पशु स्वास्थ्य शिविर संचालन गरीएको थियो । जसमा १८९ जना कृषकका २५६३ वटा गाई गोरु, राँगा भैसी, भेडा बाखा, कुखुरा, बंगर, घोडा तथा कुकुर लगाएतका पशुहरुको विभिन्न उपचार गरिएको |
| ४ | कुखुराको खोर सुधार | २० वटा | नगरपालिकाको ४ वटा वडाका ५ वटा ठाउको २० जना |

| | | | |
|---|---|---|---|
| | | | कृषकहरुले कुखुराको खोर सुधार गरी व्यवशायीक कुखुरा पालनमा लाग्ने प्रयास गरीएको । |
| ५ | कुखुराको दाना बनाउने तालीम संचालन | १ वटा | स्थानीय स्तरमा कुखुराको दाना बनाउने तालीम गरि २४ जना कृषकहरुको क्षमता अभिबृद्धि भएको |
| ६ | भकारो सुधार | | यस पालिकाका विभिन्न वडाहरुका विभिन्न ४ वटा कृषक समूहका ६५ जना कृषकहरु को घरमा भकारो निर्माण तथा गोठेमल सुधार गरी पशुमुत्र प्रयोग तथा गोठेमल सुधार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि हुने |




(Time)
1 दशक
10 वर्ष
1 वर्ष
12 महिना
1 महिना
HELVETAS
Swiss Intercooperation
NEPAL
Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
६ दिने अगुवा कृषक तथा स्थानीय कृषि श्रोत व्यक्तिहरुको
विकास तथा क्षमता अभिबृद्धि तालीम




पशु पक्षि विकास शाखा बाट संचालित कार्यक्रमको लाभान्वित बार्षिक

| क्र. सं. | कार्यक्रम | संख्या वटा | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | विपन्न |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुखुराको दाना बदाउने तालीम | १ | १९ | ५ | २४ | १ | १८ | ५ | १८ |
| २ | पशु स्वास्थ्य शिविर संचालन | २ | ५८ | १३१ | १८९ | ५२ | ३७ | १०० | १२० |
| ३ | बाखा पालन तालीम | ५ | ६६ | ४९ | ११५ | १८ | ५ | ९२ | ७६ |
| | जम्मा | | १४३ | १८५ | ३२८ | ७१ | ६० | १९७ | २१४ |

पशु पंक्षि विकास शाखाबाट संचालन गरीएको पशु स्वास्थ्य शिविरबाट दाभान्वित भएका पशुको विवरण

| क्र. सं. | कार्यक्रम | संख्या वटा | गाई | गोरु | भैसी राँगा | भेडा | बाखा | कुखुरा | बंगुर | कुकुर | घोडा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पशु स्वास्थ्य शिविर संचालन | २ | २७ | १२१ | १०१ | १ | २०३६ | २६२ | १ | ९ | ३ |
| | जम्मा | २ | २७ | १२१ | १०१ | १ | २०३६ | २६२ | १ | ९ | ३ |
| | सवै पशु पंक्षि जम्मा | २५६३ | | | | | | | | | |

| क्र. सं. | कार्यक्रम | संख्या वटा | महिला | पूरुष | जम्मा | दलित | जनजाती | अन्य | विपन्न | एकल महिला |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुखुराको खोर सुधार | २० | १४ | ६ | २० | २ | १३ | ५ | १८ | |
| २ | बाखा खोर सुधार | ५१ | ३५ | १६ | ५१ | ९ | २५ | १७ | ४३ | |
| | **जम्मा** | | **४९** | **२२** | **७१** | **११** | **३८** | **२२** | **६१** | |

लाभान्वितहरुको विवरण (बार्षिक) कृषि तर्फको कार्यक्रम

| क्र. सं. | कार्यक्रम | संख्या वटा | महिला | पूरुष | जम्मा | दलित | जनजाती | अन्य | विपन्न |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बेमौसमी तरकारी खेती तालिम | २५ | ४०० | २०१ | ६०१ | १२४ | २९ | ४४८ | ३८६ |
| २ | च्याउ खेती तालीम | ६ | ७० | ७७ | १४७ | ११ | ६ | १३० | ९७ |
| ३ | प्रदर्शन कार्यक्रम | ६० | ३७ | २३ | ६० | १८ | ६ | ३६ | ४५ |
| ४ | केराको विरुवा वितरण | १८०० | २ | १६ | १८ | ३ | ३ | १२ | ८ |
| ५ | आँप विरुवा वितरण | ४००० | १० | ६१ | ७१ | १२ | ४ | ५४ | ५६ |
| ६ | अनारको विरुवा वितरण | १८०० | ९ | ४२ | ५१ | १२ | ५ | ३३ | ३५ |
| | **जम्मा** | | **५२८** | **४२०** | **९४८** | **१८०** | **५३** | **७१३** | **६२७** |



केराको विरुवा



धान तथा मकैको वीउ वितरणका दृष्यहरु





आँप तथा अनारका विरुवाहरु वितरणका केहि दृष्णहरु





६. मुख्य मुख्य चुनौतिहरु, सिकाईहरु र यसको आधारमा बनाइएको योजना -

**चुनौतीहरु**

- बढ्दो जलबायु परिवर्तन
- भौगोलिक विकटता
- यातायात र संचार को अभाव  कुनै ठाउँमा फोन नै नलाग्ने
- अशिक्षित कृषक समूह
- रोजगारीका लागि युवा पिढी (युवा युवती) विदेश पलायन हुनु जसले काम गर्ने जनशक्तिको अभाव
- अर्ध शिक्षित जमात बढि जसमा पढेलेखेकाले कृषि कर्म गर्न हुन्न भन्ने अर्ध शिक्षित सोच
- नयाँ संरचना (स्थानीय तह) बाँडने प्रकृतिले गर्दा लक्षित घरधुरीमा पुग्न कठिन
- जैविक विविधतामा ह्रास
- विभिन्न कृषि तथा पशु सेवा कार्यक्रममा रकम कम हुनु ।
- कृषि प्रति परंपराबादि सोच
- निर्वाह मुखि कृषि
- व्यवशाय उन्मुख हुन नखोज्नु
- कृषि पेशालाई हेलाको दृष्टिले हेर्नु ।

सिकाईहरु

- निःशुल्क प्रदान गरीएको सामागी/वीउ विजन भन्दा केहि प्रतिशत कृषकको लगानी भएको बस्तुको उपयोगिता बढि हुने ।
- परंपरागत सोच बदल्न नया प्रविधि विस्तार गर्नु राम्रो हुने
- नया प्रविधि वितरण गर्दा प्रविधिबारे तरीका सिकाई दिनु जरुरी
- कृषकले आवश्यकता महशुष गरेको कार्यक्रममा सहभागीता बढि हुने

७. बित्तिय प्रगतिः म.ले.प. फर्मको आधारमा बजेट तथा खर्चको बिस्तृत विवरण -

८. अनुसूचीः

क) स्पष्ट शन्देश सहितको मामिला अध्ययन

जाजरकोट जिल्ला साविकको लहँ गा.वि.स. वडा नं. २ हाल नलगाड नगरपालिका वडा नं ६ निवासी ५५ बर्षिय पूण बहादुर खडका (गर्जन) २ छोरी एक छोरा र एक श्रीमति सहित उक्त वडाको थाप्ला भन्ने ठाउँमा बस्दै आउनु भएको छ । उहाँ एक मेहनति ईमान्दार कृषक हुनुहुन्छ । जिल्ला कृषि विकास

कार्यालयले गरेको कृषि मेला प्रदर्शनीबाट प्रेरीत कृषक खडकाले ५ केजी सम्मको काउली तथा १० केजी सम्मको बन्दा आफ्नै बारीमा फलाएको अनुभव सुनाउनु हुन्छ। विगत लामो समय देखि कृषि पेशामा लागेको अनुभव उहाँ उहा संग छ। २०५५ सालमा कृषि पेशामा लागेको र हाल सम्म उक्त पेशा अंगाली रहनु भएको छ। उहाले उक्त ठाउमा ३ रोपनी जमिनमा सुन्तला जात नर्सरी, १ रोपनी जमिनमा अलैची नर्सरी लगाएत झण्डै ५ रोपनी जमिनमा फलफलु खेतीको शुरुवात गर्नु भएको छ। हाल नलगाड नगरपालिका नगरकार्यपालिकाको निर्णय अनुसार उहाँलाई नेपाल कृषि सेवा विकास कार्यक्रम (प्रयास) हेल्भेटास नेपालको पालिका तहमा कृषकको सहभागितामा एकिकृत कृषि प्रविधि सिकाइ केन्द्र, मोडल फार्मको स्थापना गरि कृषक, पालिकाको कृषि कार्यालय एवं अन्य निजि क्षेत्रको सहकार्यमा यसको विस्तार एवं प्रवर्धन गर्ने कार्यक्रम बाट उहालाई रु २००००० दुई लाख प्रदान गरिएको थियो। उक्त रकम बाट नर्सरी सुदृढिकरण गरी विभिन्न जातका फलफुलहरु वीउ विजनहरु खरिद सिकाई केन्द्रको रुपमा विकास गर्न विभिन्न आवश्यक सामाग्रीहरु खरिद गर्नु भएको छ। जसले आगामी दिनमा सो ठाउ सिकाई केन्दको रुपमा विकास भएको हेर्न सकिने छ।




ख) लाभान्वित बर्गको बिस्तृत विवरण

ग) अन्य

नलगाड ७ को धानको व्याड

